मिति २०७४।११।२९

**बिषय** - कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।

श्री सम्पूर्ण आधारभूत /माध्यमिक विद्यालय, रंगेली नगरपालिका, मोरंग

उपयुर्क्त सम्बन्धमा यस रंगेली नगरपालिकाको परीक्षा समन्वय समितिको मिति २०७४/११/२८ गते बसेको बैठकको निर्णयानुसार शै. स. २०७४ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८ को रंगेली नगरपालिका स्तरीय परीक्षा ) तपसिलको परीक्षा तालिका अनुसार यहि मिति २०७४/१२/१२ गते सोमबारका दिन अपरान्ह १:०० बजे देखि सञ्चालन गर्ने निर्णय भएकोले यसै साथ संलग्न परीक्षा सञ्चालन सम्बन्धी निर्देशन बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

| **मिति** | **विषय** |
|---|---|
| २०७४/१२/१२ गते सोमबार | अंग्रेजी |
| २०७४/१२/१३ गते मंगलबार | नेपाली |
| २०७४/१२/१४ गते बुधवार | विज्ञान तथा वातावरण शिक्षा |
| २०७४/१२/१५ गते बिहिवार | सामाजिक अध्ययन तथा जनसंख्या शिक्षा |
| २०७४/१२/१६ गते शुक्रवार | कम्प्यूटर शिक्षा |
| २०७४/१२/१८ गते आईतवार | गणित |
| २०७४/१२/१९ गते सोमवार | पेशा, व्यवसाय र प्रविधि शिक्षा |
| २०७४/१२/२० गते मंगलवार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा |

आधारभूत तह उत्तीर्ण परीक्षा ( कक्षा ८ को रंगेली नगरपालिका स्तरीय परीक्षा ) सञ्चालनका आधारहरु निम्नानुसार रहेकोले सोको कार्यान्वयनका लागि अनुरोध छ ।

(१) शैक्षिक सत्र २०७४ को आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा मिति २०७४/१२/१२ गते सोमबार देखि प्रत्येक दिन अपरान्ह १:०० बजेबाट सञ्चालन गर्नु पर्नेछ ।

(२) प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क र समय आधारभूत तह कक्षा ८ को पाठ्यक्रम अनुसार प्रश्नपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई कक्षा ८ को  उत्तरपुस्तिका परीक्षण वापत परीक्षा व्यवस्थापन समिति मार्फत निम्नानुसारको रकम उपलब्ध गराइनेछ ।

- १०० पूर्णाङ्क भएका विषयहरुको रु ६।-, ७५ पूर्णाङ्कको रु ५।-, ५० पूर्णाङ्कको रु ४।- र ५० पूर्णाङ्क भन्दा कम भएमा रु ३।५० का दरले ।

(४) परीक्षा सञ्चालनका लागि केन्द्रध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी आदिको भत्ता, प्रयोगात्मक परीक्षा हुने बिषयको प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका तथा परीक्षा सामग्रीहरु रंगेली नगरपालिका, शिक्षा शाखा देखि विद्यालय सम्म ढुवानी, आन्तरिक मूल्याङ्कन र टेबुलेसन आदि कार्यको लागि सम्बन्धित विद्यालयले नै व्यवस्थापन गर्नुपर्नेछ ।

(५) आधारभूत तह कक्षा ८ को परीक्षामा सामेल हुने विद्यालयहरुलाई नै परीक्षा केन्द्र र सम्बन्धित विद्यालयका प्र.अ.हरुलाई केन्द्रध्यक्ष तोक्ने निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

(६) प्रश्नपत्र तथा परीक्षा सामाग्रीहरु शिक्षा शाखाले उपलब्ध गराउनेछ । परीक्षा सामाग्री तथा प्रश्नपत्रहरुको संरक्षण र सुरक्षा गर्ने दायित्व प्रधानाध्यापक /केन्द्राध्यक्षको हुनेछ । कुनै कारणले उक्त सामाग्रीहरुको दुरुपयोग एवम् गोपनियता भंग भएमा प्रधानाध्यापक /केन्द्राध्यक्ष स्वयं जवाफदेही हुनु पर्नेछ ।

(७) प्रत्येक दिनको परीक्षा सुरु हुनु भन्दा आधा घण्टा अगाडी मात्र केन्द्राध्यक्ष सहित कम्तिमा तीन जना शिक्षकको रोहवरमा प्रश्नपत्रको खाम खोली प्रश्न पत्र रुजु गर्नु पर्नेछ । सोको मुचुल्का समेत उठाउने व्यवस्था केन्द्राध्यक्षले मिलाउनु पर्नेछ ।

(८) सम्बन्धित विद्यालयले नै प्रयोगात्मक परीक्षा हुने विषयको पाठ्यक्रममा व्यवस्था भए अनुसार मूल्याङ्कन गरी मूल्याङ्कन फाराम भरी प्र.अ. बाट प्रमाणित गरी शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

(९) सम्बन्धित विद्यालयले परीक्षण भएका उत्तर पुस्तिका लगायत परीक्षकहरुको विवरण व्यवस्थित तथा सुरक्षित रुममा ६ महिनासम्म सुरक्षित राख्नु पर्नेछ । साथै उ.पु. परीक्षणको बैधताका लागि परीक्षा समन्वय समितिले सम परिक्षण गराउन सक्नेछ ।

(१०) परीक्षार्थीहरुको सिम्बोल नम्बर १० अंकको हुनेछ । सोहि सिम्बोल नम्बर कायम गरिएको प्रबेश पत्र नगरपालिका शिक्षा शाखाबाट विद्यालयले बुझी परीक्षार्थीहरुलाई उपलब्ध

गराउनुपर्नेछ । परीक्षार्थीहरुले प्रवेश पत्र परीक्षा दिन जाँदा साथमा लाने र आफ्नो उत्तरपुस्तिकामा सिम्बोल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्दछ ।

(११) परीक्षा आवेदन फाराम नभरेका तथा रंगेली नगरपालिका शिक्षा शाखामा विवरण पेस नभएका परीक्षार्थीहरु परीक्षामा सामेल हुन पाउने छैनन् ।

(१२) विद्यालयले उत्तरपुस्तिकाहरु परीक्षण गरी गराई अनिवार्य रुपमा रुजु समेत गरी (केरमेट तथा टिपेक्सको प्रयोग नगर्ने ) प्राप्ताङ्क विवरण (Marks Ledger) दुई प्रतिका दरले २०७४ साल चैत्र २८ गते भित्रमा रंगेली नगरपालिका, शिक्षा शाखामा पेस गर्नु पर्नेछ । प्राप्त भएका लब्धाङ्क विवरण (Marks Ledger) परीक्षा समन्वय समितिले प्रमाणित गरी एक प्रति शिक्षा शाखामा राखि विद्यालयमा एक प्रति प्राप्त भएपछि मात्र विद्यालयले नतिजा प्रकाशन गर्नुपर्दछ । कार्यालयबाट प्रमाणित नभएको Marks Ledger का आधारमा गरिएको नतिजा मान्य हुने छैन ।

(१३) तोकिएको दिन परीक्षामा समावेश नहुने परीक्षार्थीलाई अर्को व्यवस्था गरी पुनः परीक्षा लिईने छैन ।

(१४) "आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ को रंगेली नगरपालिका स्तरीय परीक्षा) " परीक्षा व्यवस्थापन समितिको निर्णय विना तोकिएको परीक्षा तालिकामा कुनै परीवर्तन हुने छैन ।

(१५) परीक्षाको प्रश्नपत्र, सामग्रीको सुरक्षा, मर्यादा र गोपनियता कायम राख्नु परीक्षासँग सम्बन्धित सबैको कर्तब्य र जिम्मेवारी हुनेछ । अन्यथा भएको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

(१६) संस्थागत विद्यालयले परीक्षा शुल्क बापत प्रति विद्यार्थी रु. **२५०।-** का दरले एक मुष्ठ रकम रंगेली नगरपालिकाको कृषि विकास बैंक रंगेली शाखामा रहेको सञ्चित कोषको खाता नं. **०६०१६०११५०२५७०१९** मा जम्मा गरी एक प्रति सक्कल भौचर रंगेली नगरपालिका, शिक्षा शाखामा मिति २०७४।१२।०५ भित्र पेश गर्नु पर्नेछ ।

(१७) सामुदायिक /संस्थागत विद्यालयहरुमा कक्षा ८ को उत्तरपुस्तिका रंगेली नगरपालिका परीक्षा व्यवस्थापन समितिबाट उपलब्ध गराइनेछ ।

श्री बलराम पराजुली
शिक्षा अधिकृत